नेपाल सरकार

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

# वैदेशिक रोजगार विभाग

(प्रशासन योजना तथा संस्था दर्ता शाखा)

४७८२६१६, ४७८२६७१
४७८२६४८
फोन नं. ४७८२७१०
४७८२६५८
फ्याक्सः९७७–१–४७८२६१६०६
Emal:- info@dofe.gov.np
it@dofe.gov.np
बुद्धनगर काठमाण्डौं

पत्र संख्याः संस्था ०८०/८१

चलानी नं.

## JITCO नविकरण सम्बन्धी सूचना

वैदेशिक रोजगार सम्बन्धी प्रचलित कानून बमोजिम स्थापना भई विभागबाट जापान ईन्टरनेशनल ट्रेनिङ्ग कोअपरेसन अर्गनाइजेशन (JITCO) अन्तर्गत नेपाली श्रमिक जापान पठाउन सूचिकृत संस्थाहरुको नविकरण वैदेशिक रोजगार ऐन, २०६४ तथा वैदेशिक रोजगार नियमावली, २०६४ एवं नेपाली प्राविधिक अभ्यासार्थी जापान पठाउने निर्देशिका, २०६६ बमोजिम विगतमा January र July मा हुँदै आएको बिदितै छ । फरक फरक समयमा नविकरण हुदाँ द्विविधा उत्पन्न भई धेरै संस्थाहरुको नविकरण छुटेको साथै काममा दोहोरोपना देखिदै आएको छ । यसर्थ नविकरणमा एकरुपता कायम गर्न आवश्यक भएको साथै नेपाली प्राविधिक अभ्यासार्थी जापान पठाउने निर्देशिका २०६६ को दफा १६ को उपदफा १ (ङ) मा समेत श्रावण महिना भित्र सबै संस्थाहरुलाई नविकरण गर्नु पर्ने ब्यवस्था भएकोले अव उप्रान्त सूचिकृत संस्थाहरुको नविकरणमा एकरुपता हुने गरी श्रावण मसान्त भित्र नविकरण गर्न बिभागको मिति २०८०/०३/३१ को निर्णय भएकोले सम्पुर्ण सूचिकृत संस्थाहरुलाई कानूनमा उल्लेख भए बमोजिमको नवीकरण दस्तुर र देहायका कागजातहरु संलग्न गरी श्रावण मसान्त भित्र नवीकरण गर्न यसै सूचनाद्वारा निवेदन आह्वान गरिएको छ ।

### देहाय

क) संस्थाको निवेदन,

ख) नवीकरण दस्तुर वापत रु.१०,००० (दस हजार) बुझाएको रसिद,

ग) अघिल्लो वर्षको नवीकरण मिति खुलेको सूचीकरण प्रमाणपत्रको प्रतिलिपि,

घ) JITCO मार्फत आ.व. ०८०/८१ मा पठाएका कामदारहरुको संख्या,

ङ) आ.व.०७९/०८० को कर चुक्ता प्रमाण पत्र,

च) आ.व.०७९/०८० को कम्पनी अध्यावधिक पत्र,

छ) ईजाजतप्राप्त संस्थाको दर्ता प्रमाणपत्र

२०८०/०३/३१
शाखा अधिकृत